कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मितिः- २०८१।०४।११ गते

समयः- दिउसो ११:०० बजे

स्थानः- कालिगण्डकी गाउँपालिकाको कार्यालय सभा कक्ष, गुल्मी ।

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष **श्री वेद बहादुर थापा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकको उपस्थिति र निर्णयहरु ।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री वेद बहादुर थापा | |
| २. | उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | |
| ३. | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | |
| ४. | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | |
| ५. | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | |
| ६. | ४.नं. वडा अध्यक्ष | श्री होम बहादुर थापा | |
| ७. | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | |
| ८. | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | |
| ९. | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | |
| १०. | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | |
| ११. | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | |
| १२. | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | |
| १३. | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | |
| १४. | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | |
| १५. | कार्यपालिका सदस्य | श्री मिना परियार | |
| १६. | प्रमुख प्रशासकीय अधिकृत | श्री नरेश गिरी | |
| १७. | स्वास्थ्य शाखा | श्री चन्द्र बहादुर थापा | |
| १८. | लेखा अधिकृत | श्री होवनाथ पौडेल | |
| १९. | सूचना अधिकृत | श्री ओम बहादुर थापा | |
| २०. | प्राविधिक शाखा | श्री सत्य नारायण राय | |
| २१. | आलेप | श्री गोविन्द कार्की | |
| २२. | प्र.स्व.शाखा | श्री तिलक राना | |
| २३. | कम्प्यूटर अपरेटर | श्री ऋषिराम राना | |
| २४. | का.स. | श्री दिल कुमारी पुलामी | |

Scanned with CamScanner

**<u>निर्णयहरु</u>**

१. कालिगण्डकी गाउँपालिका अध्यक्ष श्री वेद बहादुर थापाको Gulmi Jilla Samaj United Kingdom को Annual Get-together मा Special Guest को रुपमा सहभागी हुन मिति २०८१/०४/१८(02 Aug 2024) देखि २०८१/०४/२४ (08 Aug 2024) सम्म बेलायतको बैदेशिक भ्रमण स्वीकृत गरी सहमतिको लागि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने ।

२. यस गाउँपालिकामा रिक्त रहेको असिस्टेन्ट सब इन्जिनियर संख्या १, हुलुका सवारी चालक संख्या १ र पशु चिकित्सक संख्या १ को पदपुर्तिका लागि विज्ञापन प्रशासन गरी पदपूर्तिको प्रक्रिया अगाडी बढाउने ।

३. यस कालिगण्डकी गाउँपालिकाको वडा नं. २ को वडा कार्यालय भवन निर्माणको लागि तपसिलका जग्गाधनीहरुले निशुल्क रुपमा गाउँपालिकाको २ नं. वडा कार्यालयको को नाममा जग्गा उपलब्ध गराउन मञ्जुर भै मन्जुरीनामा दिइसकेको र उक्त जग्गा वडा कार्यालय भवन निर्माणको लागि उपयुक्त रहेकोले उल्लेखित जग्गा गाउँपालिका २ नं. वडा कार्यालयको नाममा लिने प्रक्रिया अगाडी बढाउन मालपोत कार्यालय मझुवाबजार गुल्मीलाई अनुरोध गर्ने ।

| सि.नं. | जग्गाधनीको नामथर | ठेगाना | जग्गाको साविक ठेगाना/ वडा | कित्ता नं. | क्षेत्रफल | वडा कार्यालयको नाममा पास हुने क्षेत्रफल | कार्यालयको नाममा पास हुने जग्गाको मोहडा/भाग |
|---|---|---|---|---|---|---|---|
| १. | मतिसरा न्यौपाने | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ३३७ | ०-६-१-१ | ०-३-०-० | उत्तर पूर्व |
| | | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ३३८ | १-१-३-३ | ०-९-०-० | उत्तर |
| | | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ३३९ | १-३-०-३ | ०-४-०-० | उत्तर पश्चिम |
| २. | रेशम राज न्यौपाने | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ६३२ | ०-५-३-३ | ०-५-३-३ | पुरै |
| | | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ६३० | ०-२-०-० | ०-२-०-० | पुरै |
| | | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ३२५ | १-१-०-२ | १-१-०-२ | पुरै |
| ३. | चुडामणि न्यौपाने | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ३३४ | २-१२-०-० | ०-३-०-० | उत्तर पूर्व |
| | | | अर्वेनी ८ | | | ०-३-०-० | दक्षिण तर्फ |
| ४. | नारायण न्यौपाने | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ३२६ | ०-६-०-० | ०-६-०-० | पुरै |
| ५. | नारायण न्यौपाने | कालिगण्डकी २, गुल्मी | अर्वेनी ८ | ६३१ | ०-५-३-२ | ०-५-३-२ | पुरै |

४. कालिगण्डकी गाउँपालिका वडा नं. ७ मा रहेको भुर्तुङ्ग प्रहरी चौकीको नाममा २ रोपनी ५ आना (२-५-०-०) मात्र जग्गा रहेको र उक्त जग्गामा प्रहरी चौकीको भवन निर्माण गर्न अपुग भएकाले सो भवन निर्माणका लागि निशुल्क रुपमा देहायअनुसारको जग्गा दिन जग्गाधनीहरु

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

मन्जुर भएकाले उक्त अपुग जग्गा भुर्तुङ्ग प्रहरी चौकीको नाममा लिने प्रक्रियाको लागि मालपोत कार्यालय मजुवाबजार गुल्मीलाई अनुरोध गर्ने ।

| सि.नं. | जग्गाधनीको नामथर | ठेगाना | जग्गाको साविक ठेगाना/वडा | कित्ता नं. | क्षेत्रफल | वडा कार्यालयको नाममा पास हुने क्षेत्रफल | कार्यालयको नाममा पास हुने जग्गाको मोहडा/भाग |
|---|---|---|---|---|---|---|---|
| १. | मोहन थापा | कालिगण्डकी ७ गुल्मी | भुर्तुङ-५ | ५५१ | ०-५-१-० | ०-५-१-० | पुरै |
| | | | | ५५४ | १-९-२-० | ०-२-३-० | उत्तर तर्फ |
| २ | खगिकला ढकाल | कालिगण्डकी ७ गुल्मी | भुर्तुङ-५ | १९ | ०-१४-१-१ | ०-५-०-० | पूर्व तर्फ |

५. यस कालिगण्डकी गाउँपालिका वडा नं ४ को वडा कार्यालयका लागि भवन निर्माणको लागि जग्गाधनीले देहायअनुसारको जग्गा निशुल्क रुपमा उपलब्ध गराउन मन्जुर भै मन्जुरीनामा दिइसकेको र उक्त जग्गा वडा कार्यालय भवन निर्माणको लागि उपयुक्त रहेकोले सो जग्गा कालिगण्डकी गाउँपालिका ४ नं वडा कार्यालयको नाममा लिन आवश्यक प्रक्रिया अगाडी बढाउन मालपोत कार्यालय मजुवाबजार गुल्मीलाई अनुरोध गर्ने ।

| सि.नं. | जग्गाधनीको नामथर | ठेगाना | जग्गाको साविक ठेगाना/वडा | कित्ता नं. | क्षेत्रफल | वडा कार्यालयको नाममा पास हुने क्षेत्रफल | कार्यालयको नाममा पास हुने जग्गाको मोहडा/भाग |
|---|---|---|---|---|---|---|---|
| १ | धन कुमारी थापा | कालिगण्डकी ४ गुल्मी | पूर्तिघाट १ | ८७१ | २-०-०-० | ०-१-१-२ | दक्षिण पूर्व |
| २ | लिल बहादुर बुढा | कालिगण्डकी ४ गुल्मी | पूर्तिघाट १ | ७१९ | ११-१४-०-१ | २-१४-२-२ | दक्षिण पूर्व ३-७-३-२ छाडि सो देखी उत्तर |

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं.६** .कालिगण्डकी गाउँपालिकाको २०७५ गते प्रकाशित १/२/करार प्राविधिक र श्रेणी विहिन कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधी २०७४ दफा ८ को उपदफा ४ मा देहायअनुसार संशोधन गर्ने ।

कालिगण्डकी गाउँपालिकाको कुनैपनि सेवा समुह तथा कार्यक्रमको पदमा निश्चित प्रक्रिया पुरा गरी करार वा ज्यालादारीमा कार्यरत कुनै पनि प्राविधिक तथा श्रेणीविहिन कर्मचारीलाई गाउँपालिकाको अन्य कुनै सेवा समुहको पद वा माथिल्लो पदको लागि न्यूनतम योग्यता पुरा गरेको अवस्थामा त्यस्तो सेवा समुह वा सम्बन्धित सेवाको माथिल्लो पदमा गाउँकार्यपालिकाले पदस्थापन गर्न सक्नेछ ।

दफा ४ को उपदफा ३ शैक्षि (क)क योग्यता वापतको देहायअनुसार ६० अंक दिइने ।

क.सम्बन्धित पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेको भए एकमुष्ट ५ अंक

ख. न्यूनतम शैक्षिक योग्यताको देहायअनुसार बढीमा ५५ अंक

अ. विशिष्ट श्रेणीको ५५,प्रथम श्रेणीको ५०, दोस्रो श्रेणीको ४५ र तृतीय श्रेणीको ४० अंकत्रिभुवन विश्वविद्यालयको ) (अंक गणनाका आधारमा राख्ने

आ.न्यूनतम शैक्षिक योग्यता नभई माथिल्लो शैक्षिक योग्यता मात्र प्राप्त गरेको उम्मेदवारको हकमा न्यूनतम शैक्षिक योग्यताको अंक गणना गर्दा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रका आधारमा अंक निर्धारण गरिनेछ ।

कार्यपालिकाको निर्णय (राजपत्रमा संशोधन हुनपर्ने कारण)

| दफा | भएको | हुनुपर्ने | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|
| दफा ४ को उपदफा ३ | १. शैक्षिक योग्यता वापत ६०(साठी), विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५० र तृतीय श्रेणी वापत ४५ त्रिभुवन ) विश्वविद्यालयको अंक गणनाका आधारमा (राख्ने | १. शैक्षिक योग्यता वापतको देहायअनुसार ६० अंक दिइने<br>क. सम्बन्धित पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेको भए एकमुष्ट ५ अंक<br>ख. न्यूनतम शैक्षिक योग्यताको देहायअनुसार बढीमा ५५ अंक<br>अ. विशिष्ट श्रेणीको ५५,प्रथम श्रेणीको ५०,दोस्रो श्रेणीको ४५ र तृतीय श्रेणीको ४० अंकत्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा ) (राख्ने<br>आ.न्यूनतम शैक्षिक योग्यता नभई माथिल्लो शैक्षिक योग्यता मात्र प्राप्त गरेको उम्मेदवारको हकमा न्यूनतम शैक्षिक योग्यताको अंक गणना गर्दा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रका आधारमा अंक निर्धारण गरिनेछ । | परीक्षालाई थप प्रतिस्पर्धी बनाउन |
| दफा ८ को उपदफा ४ | यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेको आधारमा पछी कुनैपनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन । | यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेको आधारमा पछी कुनैपनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।तर कालिगण्डकी गाउँपालिकाको कुनैपनि सेवा समुह तथा कार्यक्रमको पदमा निश्चित प्रक्रिया पुरा गरी करार वा ज्यालादारीमा कार्यरत कुनै पनि प्राविधिक तथा श्रेणीविहिन कर्मचारीलाई गाउँपालिकाको अन्य कुनै सेवा समुहको पद वा माथिल्लो पदको लागि न्यूनतम योग्यता पुरा गरेको अवस्थामा त्यस्तो सेवा समुह वा सम्बन्धित सेवाको माथिल्लो पदमा गाउँकार्यपालिकाले पदस्थापन गर्न सक्नेछ । | छोटो समयमै कर्मचारी प्राप्त गर्न र कार्यसम्पादन उत्कृष्ट भएका कर्मचारीहरुलाई प्रोत्साहन गर्न |

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner